# सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम भाग),कर्णाली प्रदेश,नेपाल

## सानीभेरी राजपत्र

खण्डः ९ | संख्या :१४ | मितिः २०८२/१०/०१


## भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

"दश वर्षे सशस्त्र सङ्घर्ष १९ दिने जनआन्दोलनका शहिद परिवार एवं घाइतेहरुको संरक्षण सम्वन्धी कार्यविधी, २०८२"

<u>प्रस्तावना:</u>

दश वर्षे सशस्त्र सङ्घर्ष, १९ दिने जनआन्दोलनका शहिद परिवार एवं घाइतेहरुको संरक्षण, सम्मान तथा आयआर्जन गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उप दफा (२) ले दिएको अधिकारको प्रयोग गरी "दश वर्षे सशस्त्र सङ्घर्ष, जनआन्दोलनका शहिद परिवार एवं घाइतेहरुको संरक्षण सम्वन्धी कार्यविधी, २०८२" सानीभेरी गाउँकार्यपालिकाले जारी गरेको छ।

परिच्छेद १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** यस कार्यविधिको नाम " दश वर्षे सशस्त्र सङ्घर्ष, जनआन्दोलनका शहिद परिवार एवं घाइतेहरुको संरक्षण सम्वन्धी कार्यविधी, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

सानीभेरी गाउँपालिका

(क) “गाउँपालिका" भन्नाले सानिभेरी गाउँपालिका रुकुम (पश्चिम)लाई सम्झनु पर्छ ।

(ख) “कार्यपालिका" भन्नाले सानिभेरी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “अध्यक्ष" भन्नाले सानिभेरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) “उपाध्यक्ष" भन्नाले सानिभेरी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सानिभेरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(च) “स्थानीय तह" भन्नाले सानीभेरी गाउँपालिका तहलाई सम्झनु पर्छ ।

(छ) “शाखा भन्नाले" यस सम्वन्धि काम गर्न तोकिएको शाखालाई सम्झनुपर्छ ।

**(ज)** “शहिद परिवार भन्नाले" दश वर्षे सशस्त्र सङ्घर्ष, र १९ दिने जनआन्दोलकको क्रममा ज्यान गुमाएका व्यक्तिलाई जनाउने छ।

**(झ)** “घाइते भन्नाले" दश वर्षे सशस्त्र सङ्घर्ष, र १९ दिने जनआन्दोलकको क्रममा अशक्त अपाङ्ग भएका वा जिल्ला स्थित कार्यदलको सुचीमा रहेका वा गाउँकार्यपालिकाले घाइते भनि नितिगत निर्णय गरेका व्यक्तिलाई जनाउने छ।

**(ञ)** “सशस्त्र सङ्घर्ष, भन्नाले" २०५२ साल फाल्गुन १ गते देखि २०६३ मंसिर ५ गते सम्म विद्रोहीपक्ष (नेपाल कम्यूनिष्ट पार्टी माओवादी) र राज्यपक्षबीच गरिएको सङ्घर्षलाई जनाउने छ ।

**(ट)** “जनआन्दोलन भन्नाले" २०६२/२०६३ मा गरिएको १९ दिने जनआन्दोलनलाई जनाउने छ।

सानीभेरी गाउँपालिका

**३. कार्यक्रमको उद्देश्यः**

१) यस सानीभेरी गाउँपालिकाभित्र स्थायी ठेगाना रहेका शहिद परिवार, घाइते अपाङ्ग भएका व्यक्तिलाई आवश्यकताको आधारमा संरक्षण, सम्मान एवं आयआर्जनमा सहायता प्रदान गर्नु।

२) घाइतेहरुको उपचारमा सहायता गर्नु ।

३) शहिद परिवार एवं घाईतेलाई सम्मान स्वरुप नगद वा जिन्सी सहायता गर्नु ।

## परिच्छेद २

## बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन

**४. बजेट व्यवस्थापनः** (१)प्रत्येक वर्ष गाउँसभाले शहिद परिवार एवं घाइतेहरुको संरक्षणका लागि आवश्यक वजेट व्यवस्था गर्नेछ ।

(२) यस कार्यविधि बमोजिम खर्च गर्न इच्छुक व्यक्ति, संघ, संस्थावाट भएमा गाउँपालिकासँग समन्वय गरी खर्च गर्न सकिनेछ ।

**५.कार्यक्रम कार्यान्वयन तथा सिफारिस समितिः** यस कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकामा अध्यक्षको संयोजकत्वमा एक कार्यक्रम कार्यान्वयन एवं सिफारिस समिति गठन गर्न सकिनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) सामाजिक विकास समिति संयोजक | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) शहिद प्रतिष्ठान तथा सहिद परिवार प्रतिनिधि | सदस्य |
| (च) घाइते अपाङ्गहरुको प्रतिनिधि १ जना | सदस्य |
| (छ) स्वास्थ्य शाखा संयोजक | सदस्य |
| (ज) कृषि तथा पशु शाखावाट एक जना | सदस्य |
| (झ) जिम्मेवारी तोकिएको एक प्रतिनिधि | सदस्य सचिव |

**६. शर्त वमोजिम खर्च गर्नेः** दफा ४ बमोजिम विनियोजित रकम शिर्षक अनुसार खर्च गर्नु पर्नेछ। कार्यक्रम कार्यान्वयन गर्दा समितिको निर्णय अनिवार्य हुनुपर्नेछ।

**७. सभावाट विनियोजित रकम खर्च सम्वन्धीः** पालिकावाट विनियोजन गरेको रकम लक्ष्य अनुसारको कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

## परिच्छेद ३

## लाभग्राही समूह तथा तथ्यांक व्यवस्थापन

**८. लाभग्राही समूहः** यस कार्यक्रममा देहाय बमोजिमको लागि मात्र लागू हुनेछः

(क) शहिद परिवारका सदस्यहरु

(ख) घाइते अपाङ्ग व्यक्तिहरु

**९. सेवा प्रवाहमा उपलव्ध अनुदान एवं सहायता दरः** लाभग्राहीलाई सेवा प्रवाह गर्दा निम्नानुसारको रकम उपलव्ध गराउन सकिनेछ।

(क) एक आर्थिक वर्षमा प्रति व्यक्ति सम्मान स्वरुप बढीमा १०००० (दश हजार) सम्म।

(ख) घाइतेहरुको उपचार सहायता स्वरुप एक आर्थिक वर्षमा प्रति व्यक्ति बढीमा १०००००(एक लाख) सम्म।

(ग) शहिद परिवार तथा घाइते अपांगलाई आयआर्जन स्वरुप व्यवसाय हेरी निम्नानुसारको रकम प्रदान गर्न सकिनेछ।

(अ) पशुपंक्षी पालनको क्षेत्रमा आयआर्जनका लागि प्रति परिवार एक आर्थिक वर्षमा बढीमा रु २००००० (दुई लाख) सम्म ।

(आ) तरकारी उत्पादन क्षेत्रमा आयआर्जनका लागि प्रति परिवार एक आर्थिक वर्षमा बढीमा रु १००००० (एक लाख) सम्म ।

(इ) अन्य उद्योग तथा व्यवसाय सञ्चालनका क्षेत्रमा आयआर्जनका लागि प्रति परिवार एक आर्थिक वर्षमा बढीमा रु२५०००० (दुई लाख पचास हजार) सम्म ।

**१०. सार्वजनिक सूचना गर्नुपर्ने**: (१) विनियोजित बजेट अनुसार व्यवसायमा संचालनमा इच्छुक लक्षित बर्गहरुका लागि गाउँपालिकाले ७ देखि १५ दिन सम्मको प्रस्तावना आह्वान सम्वन्धीको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) दफा १ बमोजिम सूचना प्रकाशन गरे पश्चात तोकिएको म्यादभित्र पर्न आएमा निवेदन उपर दफा ५ बमोजिम गठित समितिले छानविन गरी लाभग्राहीहरुको अभिलेख खडा गरिनेछ ।

**११. निवेदनका लागि आवश्यक प्रक्रिया**: शहिद परिवार र घाइते अपाङ्गता भएका छनौटमा परेका व्यक्तिले कार्यक्रमका लागि निम्नानुसारका कागजातको प्रतिलिपी संलग्न राखी अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**१२. कारवाहीको भागीदारी हुने**

(क) झुटा विवरण पेश गरी रकम बुझेमा निजवाट सो समय सम्म बुझेको रकम नियमानुसार हर्जाना सहित सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

(ख) झुटा सिफारिस गरि बुझेको पाइएमा उक्त रकम सिफारिस गर्ने र लिने दुवैवाट असुलउपर गरिनेछ।

## परिच्छेद ४

## अनुगमन, लेखा प्रतिवेदन तथा अभिलेखिकरण

**१३.अनुगमन तथा प्रतिवेदनः** (१) कार्यक्रमको बार्षिक प्रतिवेदन जेष्ठ मसान्त सम्ममा गाउँपालिका कार्यालयले तयार गरी अनुसूची २ बमोजिमको ढाँचाममा प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

मानेभेरी गाउँपालिका

(२) प्रतिवेदनको ढाँचा समितिले तोकिए बमोजिम हुनेछ ।

(३) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमको अनुगमन गाउँपालिकाले गर्नेछ ।

(४)यस कार्यविधि बमोजिमको कार्यक्रम भए नभएको अनुगमन तोकिएको शाखाले पनि हेर्न सक्नेछ।

(५) समितिले स्थलगत अध्ययन गरी उद्देश्य विपरित काम भएको देखिएमा अनुदान रकम रोक्का गर्नका लागि कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

**१४. भुक्तानी सम्वन्धी व्यवस्था:** गाउँसभावाट सम्वन्धित शिर्षकमा विनियोजन रकम आवश्यक कागजातको आधारमा व्यक्तिको बैङ्क खातामा जम्मा गरिने छ भने सम्मान स्वरुपको रकम नियामानुसार नगदै हस्तान्तरण गर्न सकिनेछ ।

**१५.गुनासो दर्ता गर्न सक्ने:** (१) अनुदानको लागि छनौट भएका लाभग्राहीहरुको नाम र अन्य प्रक्रिया उपर चित्त नबुझेमा निर्णय भएको मितिले पैतिस दिनभित्र गाउँपालिकाको सम्वन्धित शाखामा गुनासो दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा शाखाले सो उपर आवश्यक जाँचवुझ गरी निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ ।

**१६. थपघट हेरफेर तथा संशोधन:** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१७. बाधा अडकाउ फुकाउ:** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाँधा अड्काउ परेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

सानीभेरी गाउँपालिका

अनुसूची १

(दफा ११ को उपदफा (१) सँग सम्वन्धित)

निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सानीभेरी गाउँपालिकाको कार्यालय, रुकुम (पश्चिम)

विषयः ............................................................ वारे ।

महोदय,

प्रस्तुत विषयमा रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ......वस्ने ...................... को छोरी/श्रीमती वर्ष.......की म ............................ १० वर्षे सशस्त्र सङ्घर्ष/ जनआन्दोलमा मेरो नाता............पर्ने ..........................शहिद भएको/ म आफै घाइते अपाङ्ग भएको हुदाँ पालिकावाट नियामानुसार उपलव्ध हुने सेवा ............................................................................................................................उपलव्ध गराई दिनुहुन तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी यो निवेदन पेश गर्दछु ।

संलग्न कागजमतहरुः

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी

(ख) वडा कार्यालयको सिफारिस पत्र ।

(ग)निकायवाट शहिद परिवार तथा घाइते प्रमाणित कागजात ।

(घ) बसाइ सराई गरी आएको भए सो को प्रमाण पत्र ।

(ङ)सञ्चालन गर्न चाहेको व्यवसायको प्रस्तावना ।

(च) पालिकाले कारोवारो संचालन गरेको स्थानीय बैङ्कको खाता नम्वर ।

निवेदकको

दस्तखतः

नामः

ठेगानाः

सम्पर्क नं

सानीभेरी गाउँपालिका

अनुसूची २

(दफा १५ को उपदफा (१) सँग सम्वन्धित)

प्रतिवेदनको ढाँचा

| क्रस | सहिद तथा घाइते व्यक्तिको नाम ठेगाना | ठेगाना | लाभग्राहीको नागरिकता नं | बाजेको नाम | बाबुको नाम | यस आ.व. मा प्राप्त रकम |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

प्रतिवेदकको सहीः

नामः

पदः

सम्पर्क नं

सानीभेरी गाउँपालिका

आज्ञाले

नरविर खड्का

प्रमुख प्रशासकीय अधिकृत